★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

२०२७ (1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति :२०७९/०२/२७

## प्रेस विज्ञप्ति

विगत लामो समय देखि त्रिभुवन विश्वविद्यालयमा जारी रहेको प्राध्यापक तथा विद्यार्थीको आन्दोलनका सन्दर्भमा अनेरास्ववियु को आधिकारिक लेटर हेडमा केन्द्रिय अध्यक्षका नामबाट जारी विज्ञप्तिका सन्दर्भमा ने.वि संघको गम्भिर ध्यानाकर्षण भएको छ । त्रि.वि को ऐतिहासिक गरिमा, शैक्षिक मर्यादा र स्वायत्तता कायम राख्न ने.वि संघले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता पुर्ण दोहोर्‍याउन चाहन्छौं । श्रेणी वली नेतृत्वको सरकारले संगठन विस्तार गर्न नियुक्त गरेका पदाधिकारीको गतिविधि शैक्षिक उन्नयनको वातावरण निर्माण गर्न भन्दा पनि आफु निकट प्राध्यापक कर्मचारीको पक्षपोषणमनै, प्रजातन्त्रवादी प्राध्यापक तथा कर्मचारीलाई छानी छानी नियतवस दुःख दिने तथा प्रजातन्त्रवादी प्राध्यापक संघका केन्द्रिय पदाधिकारी एवम ने.वि संघका नेताहरुलाई पञ्चायती शासन व्यवस्थालाई समेत माथ गर्ने गरी झुटा मुद्दा लगाउने जस्ता गतिविधी गरेका समाचार हामीले सुनेको देखेको यथार्थ हो । विश्वविद्यालयका ने.वि संघ समर्थित विद्यार्थीहरुलाई अनेक लान्छना लगाउँदै ने.वि संघको सामाजिक, राजनितिक र शैक्षिक योगदानमा हिलो छ्याप्न उद्दत हुनु कुनै पनि पदाधीकारीलाई शोभनिय कुरा होइन ।

त्रि.वि भित्र हुने जुनसुकै अराजक गतिविधीलाई नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता ने.वि संघले आफ्नो स्थापना काल देखी नै सिंचाएको छ । आफ्नो अकर्मण्यताको ढाकछोप गर्न गैर जिम्मेवार तरिकाबाट आफ्नो राजनितिक अभिष्ट पुरा गर्न प्रजातान्त्रिक पक्षका नेता र वर्तमान सरकारलाई दोष थुपार्दै विगत ५ महिना देखि कार्यालय परिसर बाहिर बसेर आफु अनुकुल निर्णय गर्ने पदाधीकारीले अमुक विद्यार्थी संगठन प्रयोग गर्दै ने.वि संघलाई बदनाम गर्न खोजिएको पनि देखिएको छ । विद्यार्थी र प्राध्यापकका जायज मागको व्यवस्था गर्दै बन्द कोठा भित्र बसेर दैनिक प्रशासन चलाएका पदाधिकारीले जवाफ दिनु पर्ने बेला आएको छ । तालाबन्दि भएपछि कुन कुन निर्णय केको आधारमा कहाँ बसेर गरियो । सम्मानित अदालत र राष्ट्रिय मानव अधिकार आयोगले समेत संवाद र वार्ता बाट समस्या समाधानको बाटो रोज्न गरेको आग्रहलाई लत्याएर अमुक विद्यार्थी संगठनलाई उचाल्न खोजेको हो भने त्यो दुर्भाग्यपूर्ण छ र पदाधिकारीहरुले पदमा बसिरहने नैतिक हैसियत गुमाइसकेको देखिन्छ ।

अर्कोतिर विभिन्न राजनितिक, शैक्षिक र सामाजिक आन्दोलनमा हातेमालो गर्दै अघि बढेको सहयात्री विद्यार्थी संगठनले ने.वि संघलाई बदनाम गर्ने उद्देश्यले अघि बढ्ने निर्णय गरेको हो भने त्यो अत्यन्तै अशोभनिय र अराजनितिक छ । सधैं सहयात्री संगठनले राजनितिक चरित्र र शैक्षिक व्यवहार दुवै गुमाएको बिम्ब झल्किदैं छ । माफ गर्नुहोला सार्वजिक भ्रष्टाचार र राजनितिक अतिवादको फेरो समातेर ने.वि संघको कद घटाउने प्रयास प्रत्युत्पादक हुने निश्चित छ । भ्रमपूर्ण भाषणलाई कसरी निस्तेज पार्नु पर्छ भन्ने पाठ ने.वि संघलाई कसैले सिकाईरहनु जरुरी छैन । शिक्षाक्षेत्रमा ओली सरकारको ज्यादतीको उदाहरण संस्कृत विश्वविद्यालयको उपकुलपतिलाई विमानस्थलबाट फर्काइएको र सुदुरपश्चिम विश्वविद्यालयको उपकुलपतीलाई शिक्षा मन्त्रालयमा हाजिर गराइएको तितो यथार्थ हाम्रो मानसपटलमा जिवितै छ ।

समग्र त्रि.वि.भित्रको भ्रष्टाचार, बेथिति र आस्थाका आधारमा प्राध्यापक, विद्यार्थी र कर्मचारी माथी भएको शृङ्खलाबद्ध प्रजातन्त्रीमत प्रहारका बारेमा पन्ध्र दिन भित्र उच्चस्तरिय निश्पक्ष छानविन समिति गठनगर्न नेपाल सरकार संग जोडदार माग गर्दै तत्कालका लागि त्रि. वि. केंद्रिय कार्यालयको तालाबन्दी सहितको आन्दोलन कार्यक्रमहरु स्थगित गरिएको छ ।

जय नेपाल ।।

दुवाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np